# आर्थिक वर्ष २०७९/०८०
# को  नीति तथा कार्यक्रम

## राजविराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### राजविराज, सप्तरी,

मधेश प्रदेश, नेपाल

मिति २०७९/०३/०८

## आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

**राजविराज नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा नगर सभाका सदस्यज्यूहरू,**

नेपालको संविधान २०७२ जारी भए पछि दोस्रो पटक सम्पन्न भएको स्थानीय तहको निर्वाचन पश्चात् राजविराज नगरपालिकाको नवनिर्वाचित सम्पूर्ण नगर सभा सदस्य ज्यूहरूको उपस्थितिमा यस नगरपालिकाको गरिमामय छैठौँ नगर सभालाई सम्बोधन गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

सर्वप्रथम म स्वाधीनता, लोकतन्त्र र स्वाभिमानका लागि जनआन्दोलन, मधेश आन्दोलन तथा अन्य आन्दोलनका क्रममा परिवर्तनका लागि आफनो अमूल्य जीवन उत्सर्ग गरि सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात वीर शहिदहरूप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु । विभिन्न कालखण्डमा अग्रगमनका लागि भएका सङ्घर्ष र आन्दोलनमा नागरिकले पुऱ्याएको योगदानले हामीलाई जनचाहना बमोजिम काम गर्न अझ जिम्मेवारी बढेको महसुस भएको छ ।

राजविराज नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात् गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई सामाजिक जीवन पद्धतिका रूपमा स्थापित गर्ने

कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । राष्ट्रको शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरवासीले गर्न सकून् भन्नेमा हामीहरू अत्यन्त सचेत छौँ ।

नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न यो नगरपालिका दृढ छ । हामीहरू योजनाबद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरू हुनुपर्छ भन्ने कुरामा प्रतिबद्ध छौँ । हामी जनप्रतिनिधि एवम् राष्ट्र सेवकहरु 'मालिक होइन, सेवक हौं' भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनको रूपमा ग्रहण गरेका छौँ ।

**नगर सभा सदस्यज्यूहरू,**

भर्खरै सम्पन्न स्थानीय तह सदस्य निर्वाचन पश्चात गठन भएको यस नगर सरकारले प्रस्ताव गर्न लागेको नीति तथा कार्यक्रमहरूमार्फत नगरवासीहरूमा गरेको वाचा र आकांक्षाहरू पुरा गर्नु पर्नेछ । जन अपेक्षा अनुरूप धेरै कार्यहरू गर्नुपर्ने छ । अब आउने दिनहरूमा नगरवासीलाई दिएका आश्वासनहरू योजनावद्ध रूपमा अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा गर्नु पर्नेछ ।

निर्वाचित जनप्रतिनिधिहरू विभिन्न राजनैतिक दलबाट प्रतिनिधित्व गरिरहेको हुनाले हामीहरूको विचारधारा फरक-फरक हुन सक्छ तर हामीले जनताप्रति लिइएका जिम्मेवारी गरेका वाचाहरू पुरा गर्न ती सबै कुरालाई आपसी तालमेल गरि हामी यस नगरको विकासको पक्षमा सीमित स्रोत साधन र मानव संसाधनको अधिकत्तम प्रयोग गरि एक ढिक्का रहेर कटिबद्ध रूपमा कार्य गर्नु पर्नेछ ।

यस नगरका सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरेर यस प्रस्तावित गुलाबी नगरलाई सबैले बस्न योग्य सहर बनाउने हाम्रो मूल ध्येय रहेको छ ।

शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन, रोजगारी, उद्यमशिलता, युवा तथा खेलकुद, सार्वजनिक यातायात, सामाजिक विकास, खानेपानी तथा सरसफाई, भौतिक पूर्वाधार विकास, न्याय निरूपण, मानव अधिकार प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । आन्तरिक सुशासन र प्रशासनलाई थप सबल बनाउन पहल गर्नेछु । यी महत्वपूर्ण विषयहरूको विकासबाट हामीले अख्तियार गरेका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ केन्द्रित रहेको छ । राजविराजका

जनताहरूसँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरूको क्षमता विकास, स्रोत साधनमा वृद्धि र सक्षम प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरूको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

सभा सदस्य ज्यूहरू

आगामी आर्थिक वर्षको उद्देश्य र नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु :

## आर्थिक विकास नीति

### कृषि

- खाद्यान्न वालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गरि कृषकहरूको आय आर्जनमा सुधार ल्याउने लक्ष्य लिइएको छु । उक्त कार्यको लागि अनुदानमा उन्नत बिउ बिजन तथा मलखाद्य वितरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- कृषकहरूको आय आर्जनमा बृद्धि गर्न धान, गहुँ, तरकारीको उन्नत विउमा ५० प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ ।

- अर्गेनिक तरकारी खेतीमा जोड दिदै तरकारी खेतीमा आत्म निर्भर वनाउन रोजगार मूलक कार्यक्रम संचालनमा ल्याइनेछ ।
- खेतबारी तथा बोट बिरुवाहरूमा रोग तथा किराहरूको नियन्त्रणका लागी जीवनाशक र कीटनाशक बिषदीहरू अनुदानमा उपलब्ध गराईनेछ । साथै ७५ प्रतिशत अनुदानमा स्प्रेयर उपलब्ध गराइनेछ ।
- किसानहरूको कृषि उत्पादन बढाउन साना सिँचाइमा ७५ प्रतिशत अनुदान दिईने लक्ष्य लिइएको छ ।
- माटो परिक्षण सम्बन्धी बृहत् रूपमा जनचेतना मूलक कार्यक्रम संचालन गरीनेछ ।
- कृषिमा व्यवसायीकरण, बजारीकरण र सामाजिक सम्मानको वातावरण सृजना गरिने नीति लिइनेछ ।
- कृषिमा आधुनिक प्रविधि अपनाइ उत्पादन तथा उत्पादकत्व वढाउन विभिन्न किसिमका कृषि प्रसार कार्यक्रमहरू संचालन गरिनेछ । यसका लागि अगुवा कृषक तालिम, आई. पि. एम. कृषक पाठशाला साथै कृषक समूहको प्रस्तवनामा आधारित कार्यक्रमहरू संचालन गरीने छ ।

## पशुपंक्षी विकास

- पशुपालनबाट दुध, मासु, अण्डा र माछामा उत्पादनमा बृद्धि गर्न रोजगारी अवसर सृजना गर्नको लागी पशु पंक्षीपालनलाई व्यवसायीकरण र उद्यमतर्फ उन्नमुख हुनका लागि बिशेष जनचेतना मूलक कार्यक्रमहरू संचालनमा ल्याईनेछ । साथै यस पालिकालाई आत्मनिर्भर गराई निर्यात गर्ने निती अवलम्बन गरिनेछ ।
- व्यावसायिक पशुपालन फारम स्थापना गरेर स्थानीय रोजगारीको अवसर श्रृजना गर्ने नीती लिइनेछ ।
- गरीवी न्यूनिकरण, आत्मनिर्भर र स्वरोजगार बनाउन समुहमा समिती मार्फत बाख्रापालन तथा कुखुरापालनलाई प्रोत्साहन गरी गरीबी न्यूनीकरणमा टेवा पुर्याईने नीति लिइएको छ ।
- किसानको लागत मुल्य प्राप्तीको सुनिश्ततताका लागि पशु बिमा कार्यक्रमलाई प्रोत्साहित गर्ने निती लिइनेछ ।
- पशु जन्य उत्पादन बृद्धिका लागि उन्नत हिउँदे, बर्षे, बहुबर्षे घांसको बिउ कृषक तथा उद्यमीहरूलाई निःशुल्क वितरण गरिनेछ ।
- पशुपालनव्यवसायलाई प्रोत्साहानका लागि पशुहरूलाई रोग लाग्नबाट बचाउन रोकथामको लागि भ्याक्सिनेशन कार्यक्रम संचालन गरिनेछ ।

- उत्पादन बृद्धिको लागी परम्परागत पशुपालनलाई निरुत्साहित गरी उन्नत पशु नश्ल सुधारको निती लिईने छ ।
- हाल राजविराज नगर क्षेत्रमा समस्याका रूपमा रहेको मासु पसललाई कृषक स्तरमा स्वस्थ्य र सुरक्षित मासु बिक्रि बितरण गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।
- प्राकृतिक प्रकोप तथा महामारीबाट नोक्सान हुन जाँदा कृषकहरूमा पर्न जाने मर्कालाई मध्यनजर गरि आक्समिक कोषको स्थापना गरिनेछ ।
- पशु उपचार सेवालाई गुणस्तरिय तथा प्रभावकारी बनाउन प्रयोगशाला सेवालाई बिस्तार गरिनेछ ।
- शहर तथा ग्रामिण भेगमा रेबिज रोग नियन्त्रण कार्यको लागी बन्धयाकरण तथा निशुल्क भ्यासिनेशन गर्ने कार्य गर्ने लक्ष्य लिइनेछ ।
- मत्स्यपालनको लागी उत्पादन बृद्धि गर्न जनचेतना अभिवृद्धि कार्यक्रम संचालन तथा अति आवश्यक औषधीको व्यावस्थापन गरीनेछ ।
- छाडा पशु बस्तु नियन्त्रणका लागी ठोस नीति लिइनेछ ।

## रोजगार तथा आप्रवासन

- बेरोजगारहरूको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने कार्यलाइ निन्तरता दिदै सुचिकृत बेरोजगारहरूको लागि रोजगारी श्रृजनामा जोड दिइने छ ।
- युवाहरूमा उद्यमशीलता तथा सिप विकासकोलागि अन्य निकाय संग समन्वय तथा सहकार्य गरिने छ ।
- सुरक्षित आप्रवासनको लागि आप्रवासी सूचना केन्द्र संचालनलाई निर्णतरता दिदै वैदेशिक रोजागरीमा रहेका परिवारलाई सूचना, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीपमा अभिवृद्धि गर्न सहयोग गरिनेछ।
- यस नगर क्षेत्रमा बैदेशिक रोजगारीबाट भित्रिने रेमिट्यान्सलाई उत्पादनमुलक क्षेत्रमा लगानीको आवसरमा बृद्धि गर्न सार्वजनिक निजि क्षेत्रसंग सहकार्य गरिने छ । साथै बैदेशिक रोजगारीवाट फर्केका युवाहरुले सिकेका सीपलाई उत्पादनशील कार्यमा लगाउन प्रोत्साहन गरिनेछ ।
- वेरोजगार तथा घरायसी कामकाजमा मात्र सिमित रही समय र योग्यता खेर गई रहेको महिलाहरूको आयआर्जनमा वृद्धि गर्ने उद्यमशिलता सम्बन्धी सिपमूलक तालिम तथा कार्यक्रमहरूलाई निरन्तरता दिदै उद्यमीहरूको सृजना तथा विकास गर्ने लक्ष्य लिइएकोछ।

- उद्यमीहरूको सरसामान बिक्री वितरणका लागि शुरुवाती रूपमा वितरण कक्ष तथा अवलोकन भ्रमण कार्यक्रम संचालनमा ल्याईनेछ ।

## पूर्वाधार विकास नीति

- नगर कार्यपालिकाको कार्यालय व्यवस्थापन गर्न प्रशासनिक भवनको निर्माण कार्य सुचारु गरिनेछ ।
- अतिथि गृह, सभाहल निर्माण कार्यलाई निरन्तरता दिदै तोकिएको समयमै गुणस्तयूक्त कार्य सम्पन्न गरिनेछ ।
- निर्माणाधिन वडा भवनहरूको काम सम्पन्न गरिने छ ।
- राजविराज नगरपालिका वडा नं. ७ को पुस्तकालय र वडा नं. ११ को सामुदायिक भवनहरु संचालनमा ल्याउने छ ।
- निर्माण सम्पन्न भै सकेका स्वास्थ्य भवनहरू यसै आ.व. मा प्रयोगमा ल्याउने छ ।
- अब उपरान्त निर्माण हुने सडकहरू मापदण्ड बमोजिम फराकिलो तथा कोलोपत्र गर्दै जाने छ ।
- पाँच लाख बढीका पूर्वाधार योजनाहरूलाई प्राथमिकता दिइनेछ ।
- सडक निर्माण गर्दा नाला स्लाव सहितको निर्माण गरिनेछ ।

- राजविराज नगरपालिकालाई आधुनिक शहरको रूपमा विकशित गर्न SMART CITY अवधारणालाई अंगिकार गर्दै प्रथम चरणमा CCTV जडान र Free WiFi जोन स्थापना गरिनेछ ।
- राजविराज नगरपालिकाको नगरवासीहरूका लागि नगर केन्द्र र वडा केन्द्रहरूमा सहज पहुच र शहरी पूर्वाधार विकासका लागि चक्रपथ (रिंग रोड) निर्माण परियोजनालाई निरन्तरता दिइनेछ ।
- राजविराज नगरपालिका वडा नं ७ मा अतिथि गृह र राजविराज भिलेज क्राफ्ट तथा म्यूजियम निर्माण गरिने छ ।
- ठुला पूर्वाधारहरू जस्तै रंगशाला निर्माण, बस टर्मिनल, सिटीहल, पार्क व्यवस्थापन तथा एकिकृत जग्गा विकास योजना जस्ता कार्य आरम्भ गर्न प्रदेश सरकार, नेपाल सरकार एवं दातृ निकायहरू संग पहल गरिनेछ । सोही अनुरूप कार्यक्रममा समावेश गरिनेछ ।
- शहरको ट्राफिक व्यवस्थापनको लागि अन्डरग्रउण्ड पार्किङ्ग निर्माण हेतु संघ, प्रदेश संग समन्वयं गरिनेछ ।
- शहरको मुख्य सडकहरू व्यवस्थित गर्न फुटपाथ तथा रेलिङ्ग निमार्ण गरिनेछ ।

- नगरको विभिन्न ठाउँहरूमा सार्वजनिक शौचालयहरूको निर्माण तथा संचालन गरिनेछ । साथै आवश्यकता अनुसार घुम्ती शौचालय प्रयोगमा ल्याईनेछ ।
- नगरको सौन्दर्यता तथा ट्राफिक सुरक्षाकोलागि नगरक्षेत्रभित्र लाइट तथा फलोरिङ लाइट व्यवस्थापन गरिनेछ ।
- नगरको सौन्दर्य समेतलाई प्रतिकुल असर गर्ने गरि नगरका सार्वजनिक जग्गा, पोखरी किनाराका क्षेत्र एवं सडक मापदण्ड समेत अतिक्रमण गरि बनाएका अनाधिकृत घर टहरा लागयतका संरचनाहरू हटाउन कानुन वनाई लागु गरिनेछ ।
- सडक निर्माण गर्दा वातावरण मैत्री बनाउन सडकको दायाँ बायाँ वृक्षारोपण कार्यलाई प्रोत्साहन गरिने छ । नगरपालिकालाई वातावरण मैत्री शासन कार्यक्रम लागु गर्न बिषयगत कार्यालय र गैर सरकारी संस्थासंग सहकार्य समन्वय गरिनेछ । रोपिएका बृक्षहरूलाई सुधार तथा संरक्षण गर्दै लगिनेछ ।
- बस पार्क, हटियाको सटर र  वडा नं. १ मा रहेको पार्क (Fun Park) संचालनमा ल्याउन संघ, प्रदेश सरकार संग समन्वय गरिनेछ ।
- नगरवासीको यातायातमा सुविधाकोलागि निःशुल्क नगर परिवहन वस संचालन गरिनेछ ।

- राजविराज नगर क्षेत्रमा नयाँ निर्माण हुने भवनहरूको हकमा नेपाल सरकारबाट स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड, २०७२ अनुसार नक्शा पास गर्ने तथा उक्त मापदण्ड लागु हुनुभन्दा अघि निर्माण सम्पन्न भएका (सार्वजनिक जग्गा तथा सडकको क्षेत्राधिकार अतिक्रमण नगरेका) भवनहरूका हक अभिलेख प्रयोजनका निमित्त नेपाल सरकार तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी परिपत्र तथा राजविराज नगरपालिकाको भवन निर्माण प्रमाणीकरण कार्यविधि २०७४ अनुसार हुने गरी तोकिएको दस्तुर लिई घर नक्शा पास गरिने नीतिलाई निरन्तरता दिइने छ। साथै नयाँ तथा बनिसकेका भवनहरूको नक्सा पास गर्दा अनिवार्य रूपमा भवनको वाहिरि भागमा गुलाबी शहरको अवधारणा पुरा गर्न गुलाबी रंग लगाएको हुनु पर्ने छ साथै प्रत्येक घरमा कम्तीमा दुईवटा फुल सहितको गमला राखेको हुनु पर्ने छ ।
- निर्माणाधिन शितभण्डार (Cold Store)को निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याईनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

- वातावरण संरक्षण कामलाई प्रभावकारी रूपमा लागु गर्न स्थानीय वातावरण ऐन कार्यान्वयनमा ल्याइने छ ।

- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् प्रतिकार्य योजना एवम् स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरिने छ ।
- भूकम्प प्रतिरोधी भवन निर्माण गर्न भवन निर्माण आचार संहिता कडाइको साथ लागु गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रको ऐलानी जग्गाहरू तथा नदी किनारमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।
- जलवायु परिवर्तनका कारण हुने गरेको वातावरणीय क्षतिलाई कम गर्न सतप्रतिशत घरले जमिन नओगटेका क्षेत्रहरूमा एक घर एक रुख अभियान सञ्चालन गरिने छ ।
- आगलागीका घटना हुन नदिन सचेतनामुलक कार्यक्रमका साथै घर बाहिर चुल्हो बाल्ने कार्यलाई प्रमुखताका साथ निरुत्साहित गरिने छ ।
- विपद्को समयमा प्रभावकारी सेवा प्रदान गर्न आपतकालिकन कार्यसञ्चालन केन्द्र स्थापना तथा संचालनमा ल्याइने छ ।
- विपद् व्यवस्थापन कार्यमा अन्तर स्थानिय तह सहकार्य र समन्वय गरि प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- नगरपालिका भित्र सरसफाई सम्बन्धी जनचेतना तथा सरसफाई कार्यलाई निरन्तरता दिईनेछ ।
- फोहरलाई पुन: प्रयोग र प्रशोधन गर्न स्रोतमा नै बर्गिकरण गर्ने ब्यबस्था मिलाईनेछ । साथै फोहोरमैलाको दिगो

व्यवस्थापन गर्न सरसफाई मेशिन खरिद गरी संचालनमा ल्याईनेछ ।

- प्रविधिमा आधारित फोहरमैला व्यवस्थापन प्रणाली उपयोग गरी नगरको फोहरमैलाको दिगो व्यवस्थापन गरिनेछ। यसका लागि आवश्यक अध्ययन, अनुसन्धान, प्रविधि पहिचान तथा सो को प्राप्ति, स्थापना, विकास र सञ्चालनको कार्य गर्न ZERO WASTE अवधारणा कार्यान्वयन गर्ने नीति लिइनेछ । साथै फोहोरमैला व्यवस्थापन गर्न कार्यविधि बनाई लागु गरिनेछ ।
- नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरूको लगत राखिनेछ । सार्वजनिक जग्गाहरूको अतिक्रमण हटाइने छ ।
- बाढी जन्य लगायत अन्य विपद् तथा वातावरणीय जोखिम पहिचान गरि सोको सामाधानको लागि आवश्यक नियकायहरू सँग समन्वय तथा सहकार्य गरिनेछ ।
- आगलागि प्रभावितहरुलाई विगत बर्षहरुमा प्रदान गरिदै आएको राहत आगामी आव मा समेत निरन्तरता दिईने छ., साथै सोको कार्यविधि बनाई लागु गरिनेछ ।
- यस नगरपालिकालाई हरित शहर, स्वच्छ शहर बनाउन तथा वातावरण संरक्षण बाढी पहिरो नियन्त्रण गर्न नगरपालिका भित्र र बरिपरिको क्षेत्रहरू खाडो नदिको दुबै छेउ, रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान क्षेत्र, साविक साईकृष्णा

मेडिकल क्षेत्र तथा र पाँच विघा डम्पिङ्ग साइट (Dumping Site) मा वृक्षारोपन गरिनेछ ।

- सार्वजनिक स्थलहरूमा स्वच्छ खानेपानीको आपुर्तिको व्यवस्था मिलाइनेछ ।
- नगरवासीहरूको घर घरमा सफा स्वच्छ खानेपानीको पहुँचमा वृद्धि गरिनेछ ।

## सामाजिक विकास

### शिक्षा तर्फः

- नगरक्षेत्र भित्रका विद्यार्थीहरु मध्येवाट आधिकारिक निकायको परिक्षामा उत्कृष्ट अंक ल्याएका एक-एक जना गरि दुई जना विद्यार्थीहरुलाई प्रति वर्ष (Medical and Engineering) क्षेत्रको अध्ययनको लागि छात्रवृति उपलब्ध गराउनेछ ।
- सामुदायिक विद्यालयहरूको नियमित अनुगमन गरी शैक्षिक गुणस्तर कायम गरिनेछ ।
- प्राविधिक शिक्षामा जोड दिने नीति अवलम्बन गरिनेछ ।
- सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ठाँउमा दरबन्दी मिलान गर्ने कार्यक्रमलाई अगाडी बढाइनेछ, न्यून विद्यार्थी भएका विद्यालयहरूलाई नजिकैको

विद्यालयमा मर्ज गरी शिक्षक दरबन्दी समेत मिलान गरिनेछ ।

- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निशुल्क सेनेटरी प्याड उपलब्ध गराइनेछ ।
- कक्षा १-३ सम्मका विद्यार्थीहरुको शैक्षिक व्यवस्थापन हेतु एकिकृत पाठ्यक्रम र अक्षरांक (Letter Grading) लाई पद्धति प्रभावकारिकताका साथ लागु गरिनेछ ।
- शैक्षिक गतिविधीमा एकरुपताल्याई गुणस्तर सुधारकालागि समयानुकुल नीति, ऐन अधावधिक गर्नुका साथै SIP, IEMIS तथा शैक्षिक क्यालेण्डर लागु गरिनेछ ।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी अन्तर्निहित प्रतिभाको प्रस्फुटनकोलागि पहल गर्नुका साथै उत्कृषट विद्यार्थी तथा सेवानिवृत शिक्षकहरूलाई सम्मान गरिनेछ ।
- विद्यालयमा स्वच्छ सफा र शुद्ध खानेपानीको पहुचमा वृद्धि गर्न आवश्यक पहल गरिनेछ ।
- सामुदायिक विद्यालयमा रहेका बालविकास केन्द्रमा विद्यार्थीहरूको उपस्थिति नियमित गर्न आवश्यक कदम चालिनेछ ।
- पोषण र शिक्षा एक अर्काका परिपूरक भएकाले नेपाल सरकारद्वारा दिवाखाजाको शिर्षकमा प्रवाहित रकमलाई निर्देशिका अनुसार वैज्ञानिक व्यवस्था गरी सामुदायिक

विद्यालयमा विद्यार्थी झिकाउने, टिकाउने, स्वस्थ्य जनशक्ति उत्पादन गरी प्रतिस्पर्धात्मक वजारमा विकाउने बढावा दिई सुधार हेतु पृष्टपोषण प्रदान गरिनेछ।

- संस्थागत विद्यालयहरूलाई समेत उपलब्ध निर्देशिका अनुसार नियमन र व्यवस्थापन गरी शैक्षिक चुस्ततालाई बढावा दिने वातावरण कायम गरिनेछ।
- विश्वपरिवेशको शिक्षा एवम् ज्ञान प्रदान हेतु Free-WiFi (फि वाई फाई जोनको) प्रबन्ध गरिनेछ।

## स्वास्थ्य

- खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालनलाई निरन्तरता दिईनेछ।
- नगरवासीको स्वस्थ्य जिवनशैलीमा सुधार ल्याउन गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह हेतु आकर्षक बजेट विनियोजन गरिने छ। सो को लागि आवश्यक कार्यक्रम तर्जुमा गरि लागु गरिने छ।
- कुपोषित वालवालिकाहरूको पहिचान गर्न वृद्धि अनुगमन कार्यक्रम संचालन गरि कुपोषितको उपचार तथा निःशुल्क प्रेषणको (Recommendation for free treatment) व्यवस्था गरिनेछ। साथै कुपोषित हुनवाट जोगिन पोषण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

- महिला स्वास्थ्य स्वयंसेविकाहरूले पुर्याउदै आएको निश्वार्थ सेवाको उच्च सम्मान गर्दै निजले पाउदै आएको सेवासुविधलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य संस्थाहरूवाट तोकिएको निःशुल्क आधारभुत स्वास्थ्य सेवाहरू सुनिश्चित गरि प्रदान गरिनेछ ।
- मातृ तथा शिशु मृत्यु दरलाई न्यूनीकरणका लागि पोषणका साथै स्वास्थ्य सम्बन्धि कार्यक्रमहरूलाई विशेष जोड दिईनेछ ।
- मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी समयमा संचालन गरिनेछ ।
- पालिकास्तरीय प्रकोप पुर्वतयारी तथा प्रति कार्य योजना निर्माण गरिनेछ ।
- संघ, प्रदेश सरकारको समन्वयमा PNC Home visit, क्षयरोग नियन्त्रण, औलो तथा कालाजार र अन्य सर्ने, नसर्ने रोगहरुको रोकथाम न्यूनीकरण नियन्त्रणको लागि संचालित कार्यक्रम प्रभावकारी ढंगले संचालनमा ल्याइनेछ ।
- नियमित खोप सुदृढिकरण, पूर्णखोप सुनिश्चिता र दिगोपनाको लागि सुक्ष्म योजना, सरसफाई प्रवर्द्धन कार्यक्रम स्थानिय तहका नवनिर्वाचित जनप्रतिनिधहरुलाई अभिमुखिकरण गरिनेछ ।

## सामाजिक समावेशी तर्फ :

### सामाजिक सांस्कृतिक सम्बन्धी:

- स्थानीय तहमा रहेको भाषा-संस्कृति, परम्परा, भेषभुषा, चाँडपर्व, रीतिरिवाजलाई प्रवर्द्धन गर्ने नीति लिईएकोछ ।
- मिथिला कला तथा संस्कृतिलाई प्रवर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।
- मधेश आन्दोलन, जनआन्दोलन, जनयुद्धको शहिद परिवार र भिन्न क्षमता (पूर्ण अपांग) भएकाहरूलाई यस नगरपालिकाबाट (कर बाहेक) सवै सेवाहरू निःशुल्क प्रदान गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- राजविराज नगर क्षेत्रभित्र सञ्चालन हुने सबै प्रकृतिका कार्यक्रमहरूमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीतिलाई प्राथमिकता दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र हिंसालाई न्यूनीकरण गर्नका लागि अव्यवस्थित तथा खुल्ला रूपमा मद्यपान, धुम्रपानलगायतका बस्तुहरू बेचविखन तथा सेवनलाई न्यूनीकरण गर्दै लगिनेछ ।
- हाल समाजमा विद्यमान छुवाछुत तथा भेदभावलाई निरुतसाहन गर्न कार्यक्रमहरू संचालन गरिने छ ।
- महिलाहरूको आर्थिक सामाजिक साथै विकासका हरेक क्रियाकलापहरूमा महिला वर्गको समन्यायिक सहभागिता र पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ । साथै लैङ्गिक

विकासका लागी समतामुलक व्यवहार, लैङ्गिक वजेट र सशक्तिकरण गर्ने नीति लिइनेछ ।

- सवै प्रकारका हिंसामा परेका महिला त्यसमा पनि विपन्न एवं पछाडि पारिएका महिलाहरू, अपाङ्गलाहरूलाई सामाजिक न्याय दिलाउन समुदायलाई नै सशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

**वालवालिका सम्बन्धी :**

- बाल अधिकार महासन्धी को मर्म अनुरूप बालबालिकाको चौतर्फी विकासका साथै राजविराज नगरपालिकालाई वालमैत्री अभियानका रूपमा अघि वढाईने छ ।
- बाल विवाह मुक्त, दाइजो प्रथा मुक्त वडाहरू क्रमशः घोषणा गर्दै, नगरलाई घोषणा गर्न अग्रनी भूमिका निर्वाह गरिनेछ । घोषणा हुने पहिलो वडालाई उच्च सम्मान र पुरस्कृत गरिनेछ ।
- यूनिसेफ नेपालसँगको साझेदारीमा बालमैत्री स्थानीय शासन कार्यविधिका सूचकहरू सम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढँगले अगाडी वढाईने छ ।
- दलित/आदिवाशी/जनजाती/मधेशी/हरवाचरुवा/पिछडावर्गहरूको हक, अधिकार प्रवद्र्धन, भेदभावको अन्त्य एवं विकास निर्माण प्रक्रियामा समावेशीपूर्ण सहभागीता सुनिश्चित गर्न संस्थागत संजाल संग सहकार्य गरिनेछ ।

- दलित/आदिवाशी/जनजाती/मधेशी/हरवाचरुवा र पिछडा वर्गहरूको परम्परागत शीप, भाषा, लिपि तथा संस्कृती संरक्षणमा ध्यान पुराईनेछ ।
- लक्षित वर्ग केन्द्रीत कार्यक्रम संचालन गर्दा गठन हुने नगरस्तरीय समन्वय समितिहरूको समन्वयमा कार्यक्रम छनौट तथा कार्यान्वयन गर्ने परिपाटी वसाईनेछ ।

**अपाङ्गता सम्वन्धी :**

- सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको आय आर्जन नेतृत्व विकास र सहायक सामग्रीहरू उपलव्ध गराउने सम्वन्धी ठोस कार्यक्रमहरू संचालन गरी उनिहरूको क्षमता विकास र आत्म निर्भरताको प्रवद्र्धन गर्ने नीति लिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरको सम्मान पहिचान र विकासमा अधिकार एवं पहुँच वृद्धी गर्न अपाङ्गमैत्री पूर्वाधार सृजना गर्ने नीति लिइनेछ ।
- जेष्ठ नागरिक संघसँग आवश्यक सहकार्य गरिने छ । जेष्ठ नागरिकहरुको मनोवल उच्च राख्न अवलोकन भ्रमण तथा सीप र अनुभवालाई पृष्टपोषण गर्ने संयन्त्रको विकास गरिनेछ ।
- जेष्ठ नागरिकहरूलाई समाजमा सामाजिक पहिचान र सम्मान वृद्धी गर्न सहयोग एवं सम्मान पुग्ने खालका कार्यक्रमहरू संचालन गरिनेछ ।

- जेष्ठ नागरिकको दीर्घ जीवन, उचित सामाजिक सुरक्षाकोलागि वृद्धाश्रम संचालन तथा अत्यन्त जोखिममा रहेका ज्येष्ठ नागरिकलाई राहत एवं पुनःस्थापनामा सहयोग पुग्ने कार्यक्रम संचालन गर्न सहकार्य समन्वय गरिनेछ ।
- जेष्ठ नागरिक वृत्ती समयमा नै उपलव्ध गराइने छ । एवं यसको पारदर्शिताको लागि वृत्ती वितरणको नाम सहित सार्वजनिक गरिनेछ ।

**गैर सरकारी संघसंस्था एवं सामाजिक परिचालन सम्वन्धी :**

- कुनै प्रकारका गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रहरू अनिवार्य रूपमा नगरपालिकामा सुचीकृत तथा अभिलेख गराई संचालन गर्न अनिवार्य गरिनेछ । यस नगरक्षेत्रमा संचालन हुने कार्यक्रमहरू अनिवार्य रूपले नगरपालिकाको रातो पुस्तकमा कार्यक्रममा समावेश भएको हुनु पर्नेछ ।
- नगरका तुलनात्मक रूपमा पिछडिएका क्षेत्रहरूमा तथा पिछडिएको वर्ग र समुदायमा लक्षित गरी आफ्ना कार्यक्रमहरू संचालन गर्ने गै.स.स.हरूलाई परिचालन एवं प्रोत्साहित गरिनेछ ।
- गै.स.स.मार्फत संचालित कार्यक्रमहरू र कार्यक्रमहरूको संयुक्त अनुगमन गर्ने व्यवस्था मिलाई प्रभावकारी अभिवृद्धी गरिनेछ ।

- नगरपालिकाको सहयोग, समन्वय र साझेदारी र स्वीकृती विना संचालन गरिने गै.स.स.का क्रियाकलापहरूलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

**युवा तथा खेलकुद सम्बन्धी :**

- युवाहरूलाई कुलत र दुर्व्यसर्नबाट बचाउन तथा सधैं उर्जाशील र सक्रिय बनाइ राख्न सुर्तीजन्य पदार्थ नियन्त्रण, कुलत तथा दुव्र्यसन विरोधी अभियान, युवा विकाससँग सम्बन्धित खेलकूद, साहित्य, संगीत, कलाजस्ता विविध क्रियाकलाप सञ्चालनमा सहयोग गरिनेछ ।
- खेलकुद क्षेत्रको विकास एवं प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरू संचालन गरिनेछ ।
- कुनैपनि क्षेत्रमा ख्याती प्राप्त गरेका यस नगरपालिकाका युवाहरूलाई पुरस्कृत गर्ने नीति लिइने छ र साथै अध्ययन, अन्वेषण, अनुसन्धानात्मक कार्य गर्ने व्यक्ति, संस्थाहरूलाई समेत पुरस्कृत गरिनेछ ।
- नगरपालिकाभित्र रहेका राज रंगशाला खेलमैदानलाई बहुक्षेत्रीय खेल मैदान विकास गर्न प्रदेश सरकार र संघीय सरकारसंग सहकार्य गरिनेछ ।

- राष्ट्रीय तथा अन्तरराष्ट्रीयस्तरको खेलकूद प्रतियोगितामा पहिलो, दोस्रो वा तेस्रो स्थान प्राप्त गर्ने नगरका खेलाडीहरूलाई सम्मान गरिनेछ ।
- स्थानीय तह स्तरीय शहिद स्मृति कप क्रिकेट खेलको प्रतियोगिता संचालन गरिनेछ । साथै अन्य खेलकुद प्रतियोगिताहरूलाई समेत प्रोत्साहन गर्ने नीति लइएकोछ ।

**सहकारी तथा उद्योग सम्बन्धी :**

- हाल संचालित सहकारी संस्थाहरूलाई कृयाशिल गराउने क्रियाकलापहरू संचालन गरिनेछ ।
- सहकारीको मूल मर्म अनुरूप सहकारी विकास तथा प्रर्वधन गरिनेछ । हाल संचालन भएका सहकारी संस्थाको अनुगमन मुल्यांकन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी तथा रोजगार बिषयगत शाखाहरूसंग सहकार्य समन्वय गरी सहकारी विकास गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालित वा संचालनमा नगरहेका सहकारी संस्थाहरूको अभिलेख व्यवस्थापन तथा सुद्धिढिकरण गरिनेछ ।
- घरेलु तथा साना उद्योगहरूलाई प्रोत्सहन गर्दै गाउँ नगर साझेदारी तथा गरिबी निवारण कार्यक्रमको लगानीमा

प्रवर्द्धन गरिनेछ । हाल स्वास्थ्य तथा कृषि समग्रीहरू उत्पादन गर्ने साना उद्योग सहकारी प्रोत्सान गरिनेछ ।

- रोजगारी सृजना र आर्थिक विकासमा वढी योगदान पुरयाउने उद्योगको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ भने त्यस्ता उद्योगहरू संचालन गर्दा वातावरण मैत्री वनाउने पक्षलाई जोड दिईनेछ ।
- सामाजमा सहकारिताको विकास गराई समुदायमा अधारित सहकारी संस्था एवं सहकारी उद्यमको विकासको लागी विशेष गरि महिला तथा युवा वर्गलाई प्रोत्साहन गरिनेछ ।
- नगरभित्र रहेका सहकारीहरूलाई सूचिकृत गराई गरिबी निवारणको क्षेत्रमा लगानी प्रवद्र्धन गर्न आवश्यक प्रोत्साहन र वातावरण सृजना गरिने छ ।
- सहकारीको मर्म र भावना अनुरूप संचालन भए नभएको सो को अनुगमन गरि दण्डित र पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।

## सूचना प्रविधि

- सूचना प्रविधिको विकास विस्तार गर्दै नगरक्षेत्र भित्र शान्ति सुरक्षा, सुशासन कायम गर्न तथा अध्ययन अनुसन्धान, शिक्षा, स्वास्थ्य लगायत अन्य बिभिन्न क्षेत्र तर्फ यसको अधिक्तम प्रयोग गरि सर्वसाधारण जनताको सरल सहज पहुँच हुने गरि सेवा पु¥याईने छ ।

- न पा तथा वडा कार्यालयहरूमा सूचना प्रविधिको प्रयोग गरि नागरिक वडापत्र, सूचना तथा जानकारी उपलब्ध गराइने छ ।
- नगरपालिकाको (website) वेवसाईट तथा सामाजिक सञ्जालहरू, स्थानीय एफ.एम., टेलिभिजनहरू मार्फत नगरपालिकाको गतिविधिहरू, प्रकाशनहरू, सूचना तथा जानकारीहरू अझ प्रभावकारी तथा नियमित रूपमा नगरवासीहरूमा पुयाईनेछ ।
- ई-विद्यालयको आवधारण अबलम्बन गरि विद्यालयहरुमा सूचना प्रविधिको प्रयोग बढाउदै लगिनेछ ।
- यस राजविराज नगरपालिकाको आय व्यय तथा प्रतिवेदनहरु चौमासिक रूपमा सार्वजनिक गरिने छ ।

## राजश्व परिचालन सम्बन्धी:

- स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले आर्थिक मेरुदण्डका आधार राजश्व परिचालनको लागि राजश्व सम्बन्धी सम्भाव्यता अध्ययन गराई करको नयाँ क्षेत्रहरु पहिचान गरिनेछ ।
- नगरपालिकाको कर प्रशासनलाई करदामैत्री बनाउन सो सँग सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय गरी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

- व्यवसाय कर संकलन गर्न उद्योग वाणिज्य संघ तथा घरेलु कार्यालय सँग साथै आन्तरीक राजस्व कार्यालय सँग सहकार्य गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म बमोजिम आगामी आ.व. देखी एकीकृत सम्पति कर लागु गर्न यसै वर्षदेखी एकिकृत सम्पती कर अध्ययन टोली गठन सम्भाव्यता अध्ययन गर्ने निति लिइने छ ।
- नगरपालिका क्षेत्रको राजश्व चुहावटलाई नियन्त्रण गर्नका लागि टोली खटाई व्यापार व्यवसायहरुको अद्यावधिक लगन तयार गरी करको दायरामा ल्याउने निति लिइएको छ ।
- प्रत्येक वडा कार्यालयबाट व्यापार व्यवसायको लगत संकलन, व्यवसाय दर्ता र व्यवस्थापनमा सहकार्य र सहयोग लिई व्यवस्थित गर्ने नीति लिइनेछ ।
- राजश्व आउन सक्ने क्षेत्रहरुको सम्भाव्यता अध्ययन गर्नुका साथै अनलाइन भुक्तानीको लागि आवश्यक पहल गरिनेछ ।
- स्थानीय स्तरमा साना उद्योगहरु कृषि औजार, उपकण र स्वास्थ्य औचाल उपकरण, स्थानीय घरेलु उत्पादन मिथिला खाना, बासको सामाग्री पराल जन्य आदी लाई व्यवसाय दर्ता, कर छुट दिने निति लिइनेछ ।

## सार्वजनिक सेवा प्रवाह, सुशासन क्षमता विकास

- नगरपालिका क्षेत्र भित्रका बिटौरी जग्गाधनीलाई जग्गा धनीपूर्जा यसै आर्थिक वर्षबाट वितरण गर्ने नीति लिईएकोछ ।
- व्यक्तिगत घटना दर्ता (जन्म, मत्यु, विवाह, समवन्ध विच्छेद र बसाई सराई) सूचना प्रविधि (अनलाईन) प्रणाली मार्फत संचालन भएकोले सो लाई छिटोछरितो हुने गरि कार्यसम्पादन गरिनेछ ।
- नगर क्षेत्रको शहरी सुशासनमा प्रभावकारीता ल्याउन सडकमा जथाभावी छाडा पशु, सडक क्षेत्रमा अवरोध पुग्ने गरी राखिएका पसल, निर्माण सामाग्री नियन्त्रणमा लिने कार्यलाई कडाईका साथ लागू गरिनेछ । नियम विपरित कार्य गर्ने व्यक्तिलाई नगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधामा रोक लगाउने र सम्वन्धित व्यक्तीले तिर्ने शुल्क, कर आदिमा नै दण्ड जरीवाना जोडी असूल उपर गर्न उचित कानुन तर्जुमा गरिनेछ ।
- ट्राफिक व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन ट्राफिक प्रहरी कार्यालय तथा यातायात व्यवसायहिरूसँग आवश्यक समन्वय गरिने छ ।
- नगर क्षेत्र भित्र अनाधिकृत कार्यहरूलाई व्यवस्थित गर्नका लागि नगर प्रहरी गठन गरि यसै बर्ष देखि परिचालन गरिने छ ।

- नगरपालिकाको प्रशासनिक भवनलाई "मिनी सिंहदरवार" र भविष्यको उपमहानगरको मुख्यालय रहेनगरी आवश्यक पूर्वाधारको निर्माण गरी सुविधा सम्पन्न अत्याधुनिक प्रशासनिक केन्द्रको रूपमा विकास गरिनुका साथै आधुनिक बगैचा, विद्युतीय पुस्तकालय, एटिएम, बैंकको एक्टेन्सन काउन्टरलगायतका सुविधाहरू उपलब्ध गराई एकद्धार प्रणालीमार्फत सेवा पुर्याउने गरि कार्य प्रारम्भ गरिनेछ ।
- "कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली" निर्माण गरी कर्मचारीलाई प्रोत्साहित गर्न क्षमता अभिबृद्धि, अतिरिक्त सेवा र समयको आधारमा सुविधा प्रदान गरिनेछ । नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ ।
- नगरपालिकाको संगठन संरचना अध्ययन गरी नगर सरकारको आवश्यकता अनुसारको संगठन संरचनाको ढाँचा तयार पारी सोही अनुसार व्यवस्थापकीय प्रणालीको विकास गरिनेछ । नगरपालिका भित्रको दर्ता, चलानी तथा महत्वपूर्ण दस्तावेजलाई दीर्घकालसम्म जोगाई राख्नका लागि अफिस अटोमेसन प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।
- विभिन्न स्थानमा रहेका सरकारी तथा सामुदायिक भवनहरूको रेकर्ड अद्यावधिक गरी अधिकतम प्रयोगमा ल्याउने व्यवस्था मिलाइनेछ ।

- नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी आगामी ३ वर्षमा नगरपालिकालाई "उत्कृष्टताको केन्द्र" (Center for Excellence) को रूपमा विकास गरिनेछ । सदाचार प्रवद्धन गर्न र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरूलाई क्रमशः डिजिटलाइजेसन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाइनेछ । नगर सरकारका निर्णय प्रक्रिया सरल, सहज र पारदर्शी बनाउँदै काम पन्छाउने प्रणालीलाई पूर्ण रूपमा निरुत्साहित गर्दै नजितामुखी कार्यप्रणालीको विकास गरिनेछ ।
- प्रचलित कानूनको अधिनमा रही बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र संचालन, मदिरा बिक्री वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको जाँच, इन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्बन्धित विषयहरूलाई कडाईका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइनेछ ।

- जनप्रतिनिधि, कर्मचारीलगायत नगरभित्रका विभिन्न जातजाति, भाषाभाषि, वर्ग, समुदायहरूको क्षमता अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- नगर भित्र रहेका सुरक्षा निकायहरूको भौतिक पूर्वाधार, सवारी साधनको उपलब्धता, दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन लगायत अन्य संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक रणनीतिको अवलम्वन गरिनेछ ।
- स्थानीय सुरक्षा निकाय र सरोकारवालाहरू बीच सुरक्षा व्यवस्थालाई सबल बनाउन आवश्यक अन्तरक्रिया कार्यक्रमहरू संचालन गरिनेछ ।
- नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानूनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरूलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।
- स्थानीय पत्र पत्रिका तथा आम संचार माध्यमको संरक्षण र सम्वर्द्धनका नीति अवलम्बन गरिनेछ ।
- सूचनाको हक सम्वन्धी ऐनले निदृष्ट गरेको सूचनाहरूको पहुँचमा सुनिश्चिता गरिनेछ ।

- पीडितहरूको न्यायमा पहुँचको लागि न्यायिक समितिका कामकाजहरू पारदर्शी, प्रविधि मैत्री र छिटो छरितो रूपमा कार्यान्वयन गरिनेछ ।
- नगर क्षेत्र भित्रका अति विपन्न परिवार पहिचान गरि गरिब कार्ड वितरण गर्ने नीति लिइएकोछ ।
- शहिदहरु प्रति उच्च सम्मान प्रकट गर्दै नगरपालिका क्षेत्र भित्रको शहिद परिवारलाई प्रति शहिद परिवार प्रति महिना रु ५१००/- दरले उपलब्ध गराइनेछ ।

आदरणीय महानुभावहरू !

- प्रस्तुत नीति तथा कार्यक्रम राजविराज नगरलाई समृद्ध बनाउने मार्गदर्शक दस्तावेज हो । नगरलाई समृद्ध बनाउन सबै नगरवासीको आ-आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ । यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारीलगायत विकासका सबै साझेदार वा पक्षधरकोलागि मार्ग चित्र हो । यस नगरपालिकालाई विकासका दृष्टिकोणले नमूना बनाउन हामीहरू दत्तचित्त भएर लागेका छौं । ***नगरको विकास सबैको विकास हो*** । यसैले विकास/निर्माणका काममा आआफ्नो क्षेत्रबाट सहयोग पुर्याउन रचनात्मक सुझाव, सल्लाह दिन हामी नगरवासीलाई हार्दिक आग्रह गर्दछौं । हामीले नगरवासीबाट

प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसात गर्नेछौं । विकास/निर्माणका काममा हामीहरू सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्ने मान्यतामा हामीहरू दृढछौं ।

- अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकायहरू, विभिन्न राजनीतिक दलहरू, विभिन्न संघ संगठनहरू, गैरसरकारी संस्थाहरू, निजी तथा सहकारी क्षेत्रलगायत सबैको सद्भाव, सहभागिता र सहयोग हुनेमा विश्वास व्यक्त गर्दै सम्मानित नगर सभाबाट रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम पारित हुनेछ भन्ने हार्दिक अपेक्षाका साथ यस नगरसभा तयारी गर्ने कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण विषायगत समिति, कार्यपालिका सदस्यगण एवम् राष्ट्रसेवक कर्मचारीहरुमा धन्यवाद व्यक्त गर्दै म बिदा लिन्छु ।

धन्यवाद !

.................
भिममराज यादव
नगर प्रमुख